Regd. No. 172459/074/75
PAN : 302100400

इष्टर्न हाइड्रोपावर लिमिटेड
EASTERN HYDROPOWER LTD.
(Pikhuwa Khola Small Hydro Power Project, Bhojpur)

पत्र संख्या :-२०८२।८३
चलानी नं. :-५३

मिति २०८२।०९।०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : कम्पनीको नवौं वार्षिक साधारण सभा (आ.व.२०८१/८२) तथा बुक क्लोज सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२।९।४ गते शुक्रवार दिनको ३:०० वजे बसेको संचालक समितिको वैठकको निर्णय वमोजिम यस कम्पनीको **नवौं बार्षिक साधारण सभा मिति २०८२।०९।२७ ( तदनुसार ११ जनवरी २०२६ )** गते विहान ९ वजे हुन गइ रहेको व्यहोरा यहाँको जानकारीको लागि अनुरोध गरिन्छ । बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२।९।२० गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।

**संलग्न कागजात :**

साधारण सभा सम्वन्धी विस्तृत सुचना थान ..१

**बोधार्थ :**

१ श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२ श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,पुतलिसडक, काठमाण्डौं ।
३ श्री एनएमवि क्यापीटल लिमिटेड वालुवाटार, काठमाण्डौं ।

.............................
मिलन खतिवडा
कम्पनी सचिव

# इष्टर्न हाइड्रोपावर लिमिटेड
## ललितपुर महानगरपालिका- १०, ललितपुर
## नवौं वार्षिक साधारण सभा सम्वन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०६)**

यस कम्पनीको मिति २०८२ पौष ४ गते शुक्रवार दिनको ३:०० वजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नवौं (आ.व. २०८१।८२) वार्षिक साधारण सभा निम्न मिति ,समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएकोछ ।

**नवौं बार्षिक साधारण सभा हुने मिति,समय र स्थान :**

मिति :- २०८२ पौष २७ गते आइतवार (तदनुसार ११ जनवरी, २०२६)

समय :- विहान ९ वजे

स्थान :- होटल हार्दिक, वागवजार , काठमाण्डौं ।

**नवौं बार्षिक साधारणका छलफलका प्रस्तावहरु :**

**(१) सामान्य प्रस्तावहरु :-**

क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धीमा ।

**विशेष प्रस्तावहरु**

क) कम्पनीको १:१ वरावरको हकप्रद शेयर (Right share) निष्काशन सम्बन्धी ।

ख) कम्पनीको प्रवन्धपत्र संशोधन सम्बन्धी ।

ग) संचालक समितिमा सस्थापक समूहवाट प्रतिनिधित्व गर्ने ५ जना, सर्व साधारण समूहवाट प्रतिनिधित्व गर्ने १ जना र स्वतन्त्र समूहवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन गर्ने सम्बन्धी ।

(२) **विविध ।**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२।०९।२० गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८२/०९/२४ गते दिनको ५ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीर पुस्तीका विहान ८:३० वजे देखी खुल्ला रहने छ । सभामा भाग लिन शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

EASTERN HYDROPOWER Ltd. 2017

संचालक समितिको आज्ञाले
कम्पनी सचिव